# परियत्ति ज्योति

(बौद्ध परियत्ति सम्बन्धी त्रैमासिक)

अंक ११ बु.सं. २५४३ ने. सं. १११९ बि. सं. २०५६ (स्वाँया पून्ही) बर्ष ३



## भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको पावन अवसरमा सम्पूर्ण प्राणीमात्रको सुख र समृद्धिको लागि हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्न चाहन्छौं ।



"परियत्ति ज्योति"

बाल बौद्ध जागरण समूह, ज्योतिदय संघ

ज्योति विहार, चापागाउँ

Downloaded from http://www.dhamma.digital

बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ

ज्योति विहार, चापागाउँद्वारा प्रकाशित

# परियत्ति ज्योति

वर्ष ३ अंक ११

**संरक्षक**
अ. ज्ञाणवती

**सल्लाहकार**
शाक्य सुरेन

**सम्पादक**
वासुदेव

**सहयोगी सम्पादक**
दिल ब. देशार
रामेश्वर देशार

**व्यवस्थापक**
हेराकाजी
राजेश

**सहयोगीहरु**
शान्ति देशार
तीर्थकुमारी महर्जन
रमेश देशार
रविन्द्र देशार

**हाम्रो ठेगाना**
बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योतिविहार, चापागाउँ
ललितपुर, नेपाल

**कला**
राजाबाबु शाक्य

| | | |
|---|---|---|
| प्रति अंक | रु. | ५।- |
| वार्षिक ग्राहक | रु. | १५।- |
| आजीवन ग्राहक | रु | १००।- |

**विज्ञापन दर**
पूरा पेजको रु. ५००।-
आधा पेजको रु. ३००।-
चौथाई पेजको रु. २००।-

मुद्रक तथा कम्प्युटर
*जोशी प्रिन्टिङ्ग प्रेस*
क्वाको, ललितपुर-११
फोन नं. ५२१४७९, ५३६७६१

Downloaded from http://www.dhamma.digital

# बैशाख पूर्णिमाको महत्व

*-राजेश देशार*
*(प्रवेश तृतिय वर्ष)*

नेपाल एउटा स्वतन्त्र राष्ट्र, सगरमाथाको देश र एसियाका ताराको रूपमा परिचित, भगवान गौतम बुद्धको जन्म स्थल, शान्ति क्षेत्र घोषित देशको रूपमा विश्व सामु चिरपरिचित भएर उभिरहेको छ। नेपाल भौगोलिक रूपमा सानो भएता पनि यहाँका जनताले गौरव गर्न योग्य कुराहरू थुप्रै छन्। ती मध्ये महामानव भगवान बुद्ध पनि एक हुन।

भगवान बुद्धको प्रकृतिसंग निकै घनिष्ठता छ। उहाँले आफ्नो जीवनकालमा प्रकृति संग निकै नजिक बाट घुलमेल गर्नु भएको छ।त्यसैकारणले होला उहाँ एक राजकुमार भएर पनि आफ्नो जीवनका महत्वपूर्ण घटनाहरू राजदरवारमा नभइकन खुल्ला आकाश मुनी प्रकृतिको मनोरम स्थलमा घट्न पुगे।
उहाँको जन्म भव्य महलमा नभई खुल्ला आकशमुनी त्यो पनि नेपालको लुम्वीनी बगैचामा २६०० वर्ष महिले एउटा शालको बृक्षमुनी महामाया-देविको कोखवाट जन्म भयो। बालक कालमा सिद्धार्थ नामवाट प्रख्याति पायो। पछि सिद्धार्थ राजकुमारले सांसारीक दुःखबाट छुटकारा पाउन निर्वाण मार्ग प्राप्तीको निम्ति दरवारको सुख ऐश्वर्यलाई चतक्कै त्यागेर (२९ वर्ष को उमेरमा गृहत्याग गरेर) भिक्षुको जीवन यापन गर्दै जीवनमा आइपरेका हरेक आरोह अवरोहलाई सामना गरेर पारगर्दै वुद्धत्व प्राप्त गरे। सांसारीक दुःखबाट छुटकारा पाउने निर्वाण मार्ग लाभ गर्नु भयो। जुन ज्ञान उहाँले खुल्ला आकाश मुनी वोधिवृक्षमुनी वसेर नै लाभ गर्नु भयो।

सांसारीक दुःख बाट छुटकारा पाउने, निर्वाण लाभ हुने ज्ञान आफूमा मात्र सिमित नराखी सम्पूर्ण व्यक्तिहरूलाई बाँड्दै जानु भयो। त्यस्तै असंख्य मात्रामा आफ्नो शिष्यहरू पनि



Downloaded from http://www.dhamma.digital

बनाउनु भयो र सम्पूर्ण शिष्यहरूलाई यस्तो अमूल्य ज्ञान धर्म प्रचार गर्न प्रत्येकलाई भिन्दा भिन्दै बाटो गरी पठाउनु भयो। आफ्ना शिष्यहरूबाट र आफुले यस्तो लोक कल्याणकारी धर्मलाई प्रचार प्रसार गर्दैजानु भयो। उहाँले करीब ४५ वर्ष सम्म लोक कल्याण कार्य गर्दै जानु भयो र ८० वर्षको बृद्ध र असक्त उमेरमा उहाँको महापरीनिर्वाण (मृत्यु) भयो। उहाँको महापरिनिर्वाण पनि खुल्ला आकाशमुनी कुशीनरको शाल-वृक्षमुनी नै भयो।

उहाँको जीवनकालको महत्वपूर्ण घटना क्रम जन्म, बोधिज्ञान प्राप्ती र महापरीनिर्वाण (मृत्यु) जस्ता महत्वपूर्ण घटनाहरू खुल्ला आकाश मुनी, खुल्ला प्रकृतिमा भएवाट उहाँको प्रकृतिसँग कतिको घनिष्ठ सम्बन्ध छ भन्ने कुरा प्रष्ट हुन्छ। उहाँको जीवनकालको यी तीन महत्वपूर्ण घटनाहरू वैशाख पूर्णिमाकै दिनमा भएको थियो। त्यसैकारणले पनि वैशाख पूर्णिमाको महत्व बढेको छ। यस दिनलाई त्रियोगको दिनको रूपमा पनि लिएको छ।

मानव कल्याणकारी धर्मको उदय भयो, मान्छेले सांसारीक दु:खबाट छुटकारा पाउने ज्ञान प्राप्त गरेर निर्वाण लाभ गर्न सक्ने ज्ञान भगवान गौतम बुद्धले पत्तालगाउनु भयो। जुन कल्याणकारी धर्म (ज्ञान) आज हामीले पनि प्राप्त गर्ने शुभ अवसर पाइराखेका छौं। यस्तो कल्याणकारी, शान्तिका नायक, महामानव गौतम बुद्धको गुणलाई स्मरण गर्न पाउनु हामी नेपालीलाई अझ गौरवको कुरा हुन आउँछ। यस महत्वपूर्ण दिनको महत्वलाई बुझेर यस दिनको महत्वलाई अझ बढाउनु पर्छ। यतिमात्र हैन उहाँको जीवनकालको तीन महत्वपूर्ण घटनाहरू जन्म, बोधिज्ञान प्राप्ती र महापरीनिर्वाण (मृत्यु) पनि सोहि दिनमा भएको कारण यस वैशाख पूर्णिमाको दिनको महत्व अझ बढ्न गएको छ। यस महत्वपूर्ण दिनमा आ-आफ्नो चित्तसुद्ध गरेर बुद्धको कल्याणकारी उपदेशलाई मनन गरेर व्यवहारमा पनि उतारौं र यस दिनको महत्वलाई अझ बढाऔं।


*भवतु सब्ब मङ्गलं*



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष महास्थविरको संक्षिप्त जीवनी

□ वासुदेव



भिक्षु अश्वघोष महास्थविरको जन्म ई.सं. १९२९ मा ललितपुरको ओकुबहालमा भएको थियो । उहाँको गृहस्थी नाम बुद्धरत्न शाक्य थियो । आमाको नाम लक्ष्मीमाया शाक्य र बाबुको नाम चन्द्रज्योति शाक्य थियो ।

बुद्धरत्न सानो हुँदा स्कूल गएर पढ्ने इच्छा साह्रै थियो तर उहाँलाई स्कूलमा भने पठाएको थिएन । प्रायः गरी उहाँको आमा प्रत्येक अष्टमीको दिनमा उपोसथ (व्रत) पालन गर्ने सिल-सिलामा विभिन्न बिहारहरूमा जाने गर्नुहुन्थ्यो, उहाँ पनि आमा सँगसँगै बिभिन्न विहारहरूमा पुग्ने गुर्नहुन्थ्यो । यसै सिल-सिलामा सुमंगल बिहार, लुखुसी, ललितपुरका भिक्षु प्रज्ञानन्द र भिक्षु प्रज्ञारश्मिसँग उहाँको संगत भयो । त्यस्तै स्वयम्भुस्थित किण्डोल बिहारमा बस्नु हुने भिक्षु अमृतानन्दसंग पनि उहाँको राम्रो हेलमेल र सत्संगत भयो ।

भगवान बुद्ध कुनै देउता होइन, बल्कि हामी जस्तै साधारण मानिस हुनुहुन्छ भन्ने विद्वान भिक्षुहरूको कुरा सुनेर एवं विशेष रूपमा आमा लक्ष्मीमाया शाक्यको विशेष प्रेरणाबाट उहाँलाई भिक्षु हुने मनमा प्रेरणा जाग्यो ।

यसको साथै (१) बुद्ध-धर्मको प्रचार-प्रसार गर्ने, (२) राम्रोसँग पढ्ने र (३) विदेश गइ बुद्ध-धर्म अध्ययन गर्ने । यी ३ वटा कारणबाट पनि उहाँलाई भिक्षु जीवन बिताउन मन लागेको थियो ।

उहाँको बाबु-आमाले उहाँ सानै छँदाखेरी विवाह गरिदिएकोले उहाँ भिक्षु हुन गएको बेलामा भिक्षु अमृतानन्द र भिक्षु धर्मालोकले आमा-बाबु र जहानको अनुमति वेगर भिक्षु बनाउन मिल्दैन भनेर उहाँहरू घरैमा आएर उहाँको जहान, आमा-बाबुसँग अनुमति



Downloaded from http://www.dhamma.digital

लिई सन १९४४ को January मा भिक्षु अमृतानन्दले उहाँलाई कुशीनगर लानुभयो र भिक्षु अमृतानन्दकै आचार्यत्वमा बुद्धरत्न शाक्य श्रामणेर अश्वघोषको नामले प्रव्रजित हुनुभयो। त्यसपछि उहाँ बनारसमा गई त्यहीँबाट श्रीलंका पुगी भिक्षुहरूको विद्यालय महामन्विन्द परिवेण (विद्यालय) मा पाली भाषा र बुद्ध-धर्मको ६ वर्षसम्म अध्ययन गर्नुभयो।

उहाँ सन् १९४९ को May मा महामन्विन्द परिवेणका प्रधानाचार्य धम्मवास नायक महास्थविरको आचार्यत्वमा र श्रीलंका कै विमलधम्म महानायक महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न (भिक्षु) हुनुभयो। श्रीलंकाबाट फर्कनु भएपछि उहाँको स्थायी आचार्य भिक्षु अमृतानन्द हुनुभएको थियो। यस्तै उहाँले कोलम्बोकै विद्योदय महाविद्यालयमा बुद्ध-धर्म र मालिगाकन्द गामणी विद्यालयमा २ वर्ष अध्ययन गर्नुभयो। त्यहाँ अध्ययन पुरा गरिसकेपछि इ.सं. १९५२ मा सारनाथमा फर्की S.L.C. देखी I.A. सम्म र बनारसको बनारस हिन्दु विश्व विद्यालयमा B.A. सम्म अध्ययन गर्नुभयो। ती संपूर्ण पढाइको खर्च भिक्षु अमृतानन्दले व्यहोरी दिनु भएको थियो।

आफ्नो विदेशको अध्ययन पुरा गरिसकेपछि श्रद्धेय भन्ते अश्वघोषले स्वदेश फर्कि विभिन्न ठाउँहरूमा बसी बुद्ध-धर्मको विकासको सिल-सिलामा महत्वपूर्ण योगदान दिनुभयो र आजसम्म पनि योगदान दिइरहनु भएको छ।

भिक्षु अश्वघोष महास्थविर आनन्दकुटी विद्यापीठमा आठ बर्ष सम्म (वि.सं. २०२८ सम्म) SUPERTENDENT को रूपमा रहनुको अतिरिक्त नेपालको पहिलो बौद्ध मासिक पत्रिका 'आनन्द भूमि' को प्रधान संपादक भइ १९-२० बर्षसम्म सेवा गर्नु भएको थियो। त्यस्तै बौद्ध मासिक पत्रिका धर्म किर्तीको २०३० सालदेखी हालसम्म प्रधान संपादक हुनुहुन्छ।

त्यस्तै गरी श्रद्धेय भन्ते अश्वघोष वि.सं. २०३० सालदेखी हालसम्म धर्मकिर्ती बौद्ध अध्ययन गोष्ठीको धर्मानुशासक स्वयम्भू ज्ञानमाला भजन खल:को धर्मानुशासक, युवा बौद्ध समूह काठमाडौंको धर्मानुशासक, धर्मोदय सभाको सदस्य, Nepal China Frendship Association को कार्यकारिणी सदस्य, रहनुका साथै श्रीघ: विहार दायक परिषदको



Downloaded from http://www.dhamma.digital

अध्यक्ष पनि हुनुहुन्छ ।

त्यस्तै वि. सं. २०४८ र २०४९ (२ बर्ष) मा नेपाल कम्युनिष्ट पार्टी एमालेले बुद्ध धर्मावलम्बीहरूको प्रतिनिधिको रूपमा राष्ट्रिय सभामा मनोनित गरि पठाउनु भएको थियो । सो समयमा राष्ट्रिय स्तरमा बुद्ध धर्मको प्रचार प्रसारको कार्यमा महत्वपूर्ण कार्यहरू गर्नुभएको थियो । ने.क.पा. एमाले सरकारको पालामै लुम्बिनी विकास कोषको उपाध्यक्षपदमा रही ४ महीना सेवा पुऱ्याउनु भएको थियो ।

बुद्धले स्थापना गर्नु भएको भिक्षुसंघको व्यवस्था अनुरूप नै भिक्षु संघको तालिम केन्द्र स्थापना गर्ने श्रद्धेय भन्ते अश्वघोषको इच्छा अनुरूप भिक्षु मैत्री (हाल लुम्बिनीमा), रत्नमाया शाक्य र दाता द्वारिकादास श्रेष्ठको सहयोगमा वि.सं. २०३८ सालमा संघाराम भिक्षु तालिम केन्द्रको स्थापना गरियो । त्यस्तै उपत्यका बाहिर बनेपामा पनि भिक्षु अश्वघोषको संयोजकत्वमा र धर्मकिर्ती विहार श्रीघः र धर्मप्रेमी उपासक उपासिकाहरूको सहयोगमा वि.सं. २०३० सालमा ध्यानकुटी विहार स्थापना गरियो ।

धर्म-प्रचारको क्रममा उहाँ देश भित्र पोखरा, भोजपुर, चैनपुर, तानसेन, बुटवल, धरान, बागलुंग, बेनी आदी ठाउँहरूमा पुगी प्रवचन दिनु भएको छ भने देश बाहिर भारत, चीन, श्रीलंका, म्यानमार, मलेशीया, थाइल्याण्ड, लाओस, अमेरीका, मंगोलिया, जापान, जर्मनी, क्यानाडा, ताइवान आदी देशहरूको भ्रमण गर्नु भएको छ ।

श्रद्धेय भन्ते अश्वघोषको बुद्ध-धर्म सम्बन्धमा धेरै कृतिहरू प्रकाशित भैसकेको छ । उहाँको नेपाल भाषामा ५७ वटा कृतिहरू प्रकाशित भैसकेको छ । त्यस्तै दृष्टि र आस्था साप्ताहीक पत्रिकामा पनि पाक्षिक रूपमा लेखहरू प्रकाशित भैरहेको छ । यसको अलावा अन्य थुप्रै पत्र पत्रिकाहरूमा पनि धेरै लेख, रचनाहरू प्रकाशित भैसकेको छ ।

उहाँले बुद्ध-धर्मको प्रचार -प्रसारको कार्यमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै थुप्रै बौद्ध संघ-संस्थाहरूले २ पटक अभिनन्दन-पत्र प्रदान गरिसकेको छ ।

उहाँले क्यानाडामा भएको International Monastic Seminar & Buddha's light Association (BLIA मा भाग लिएको, Inter Religious Federation for World Peace वाशींटनमा, Asian Peace



Downloaded from http://www.dhamma.digital

Conference जापानमा, छ फिट ल. र ४ फिट चौ. संगमरमरमा कुँडीएको सम्पूर्ण त्रिपिटक भएको ठाउँमा विहार बनाएर गरिएको उद्‌घाटन समारोह कार्यक्रम, थाइल्याण्डमा भाग लिनु भएको थियो ।

आजकल उहाँ पुस्तक लेखन र विभिन्न पत्र-पत्रिकाहरूको लागि लेख, रचना लेख्ने कार्यमा व्यस्त हुनुहुन्छ । उहाँको अन्तिम लक्ष्य पनि साम्प्रदायिक रूपले नभैकन भगवान बुद्धले देशना गर्नु भएको शिक्षा र उपदेश अनुरूप व्यावहारिक र सही तरिकाले बिभिन्न पत्र-पत्रिका र पुस्तकहरू मार्फत बुद्ध-धर्मको प्रचार-प्रसार देश भित्र र बाहिर गर्ने रहेको छ । अस्तु ॥॥

---

# बुद्धको धर्म सिकेर तिमी

-बिमला महर्जन
प्रारम्भिक तृतीय बर्ष
बौद्ध जन बिहार, सुनागुठी

बुद्धको धर्म सिकेर तिमी
सत्यबादी बन्न सकोस्
बुद्धको धर्म सिकेर तिमी
सही बाटोमा हिंड्‌न सकोस्
बुद्धको धर्म सिकेर तिमी
जनताको भलो गर्न सकोस्
बुद्धको धर्म सिकेर तिमी
राम्रो काम गर्न सकोस्
बुद्धको धर्म सिकेर तिमी
अज्ञानीलाई ज्ञानी बनाउन सकोस्
बुद्धको धर्म सिकेर तिमी
शान्तिशील व्यक्ति बन्न सकोस्



Downloaded from http://www.dhamma.digital

# नन्दा

-गंगालक्ष्मी महर्जन
प्रवेश तृतीय वर्ष
ज्योति बिहार
परियत्ति केन्द्र, चापागाउँ

जुन ठाउँमा महाप्रजापती गौतमी, यशोधरा देवी, राहुल, नन्द आदीले गृहत्याग गरेर प्रव्रज्या ग्रहण गर्नुभयो । यस्तै गरी शाक्यकुमारहरू र पाँचसय सुन्दरीहरूले पनि प्रव्रज्या गर्नुभयो। यहि ठाउँ 'कपिलबस्तु' मा नै नन्दाको जन्म भएको थियो । उनको अनुहार र शरिरको बनोट चिटिक्क भएकोले उनलाई नन्दा भनिएको हो । त्यस्तै उनी जनपदको राम्रीमा सबभन्दा माथिल्लो तहमा पुगेको हुनाले उनलाई 'जनपदकल्याणी' पनि भन्ने गर्थ्यो। कपिलवस्तुमा रहेका सबै सुन्दरीहरू प्रव्रजित हुन गएकोले यस ठाउँ पहिलेको जस्तो चहलपहल र रमाइलो थिएन । तैपनि नन्दाले आफ्नो मनलाई आनन्दित पार्नको लागि झ्यालमा उभिएर आकासमा नाचिरहेको चन्द्रमालाई हेरेर दिन बिताउँथे । जुनबेला नन्दा आकासमा नाचिरहेको चन्द्रमासँगै आफू पनि अति रमाइलो मान्दै नाच्न थाल्थ्यो, त्यहिबेला कालो बादल आइ अँध्यारो हुने गरी चन्द्रमालाई छेकन आउँथ्यो, नन्दा झस्याँग हुन्थ्यो । त्यस्तै एउटा चरा पनि आफ्नो प्रियतमको वियोगले विरह स्वरले कराउँदा उनी झस्यांग हुन्थ्यो ।

आफू नितान्त एक्लो भएकोले आफ्नो पहिलेको साथीहरूसँगै रमाइलो गरी बस्ने उद्देश्यले नन्दा पनि प्रव्रजित हुन गयो तर भगवान बुद्धको उपदेश सुन्न भने कहिल्यै जाँदैन थियो । किनकी नन्दालाई आफ्नो रूप र सौन्दर्यप्रति अति नै घमण्ड थियो। भगवान बुद्धले यस्तो रूप र सौन्दर्यलाई तुच्छ रूपले अवर्णना गर्नु हुन्छ भन्ने कुरा नन्दाले सुनिराखेको थियो ।

एकदिन भगवान बुद्धले उपदशे दिइरहेको बेलामा सबैलाई देख्नु भयो, तर नन्दालाई देख्नु भएन । अनि उहाँले उपदेश सुन्न



Downloaded from http://www.dhamma.digital

सबैजना आउनै पर्छ भन्नुभयो । तैपनि नन्दा आफू नआइकन आफ्नो प्रतिनीधिलाई पठाइदियो । फेरी भगवान बुद्धले प्रतिनिधीलाई पनि पठाउनु हुँदैन आफै आउनुपर्छ भन्दा मात्र बाध्यताले उपदेश सुन्नको निम्ति आइपुग्यो । भगवान बुद्धले नन्दालाई ज्ञान प्राप्त गराउन सकिन्छ कि भनेर आफ्नो ऋद्धिवलले एकजना अति नै राम्री सुन्दरीलाई नन्दाको अगाडि खडा गर्नु भइ त्यस सुन्दरीको सौन्दर्य हराउँदै बृद्धाबस्थामा पुगेको दृश्य देखाउनु भयो । यो दृश्य देखेर नन्दाले आफ्नो दोषलाई देखेर उनको चित्त यस संसारबाट फर्कियो र श्रद्धाले शीर झुक्यो ।

यसरी दुःखलाई साक्षात्कार गराएर भगवान बुद्धले नन्दालाई उपदेश दिनु भयो । "अशुचि तथा व्याधिले भरिएको आफ्नो शरीर-लाई हेर र समाधीमा बसेर समाधीमा नै आफ्नो मन राख्नु पर्दछ" भन्ने अमृतमय वचन भगवान बुद्धले नन्दालाई उपदेश दिनुभयो । आफ्नो सौन्दर्य प्रति घमण्ड गर्ने नन्दाले भगवान बुद्धको उपदेश सुनेर यस जीवनमा नै आफ्ना जीवनलाई धन्य बनाए ।

# भगवान

-गायत्री महर्जन
प्रारम्भिक तृतीय वर्ष
वेलु वनाराम परियत्ति केन्द्र, ठेचो

हे प्रभु भगवान
हामीलाई अज्ञानको पर्दा हटाई
ज्ञानवृद्धि देऊ
हे प्रभु भगवान सद्बुद्धि देउ हामीलाई
अन्धकारलाइ चिर्न सक्ने घामको किरण जस्तै
ज्ञानगुणका किरण देऊ हामीलाई

## आजिवन ग्राहक

यस "परियत्ति-ज्योत्ति" त्रैमासिक पत्रिकाको आजिवन ग्राहक बन्नु भएका नरेशरत्न बज्राचार्य, बुटवल लाई बाल बौद्ध जागरण समूहको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छौं ।



Downloaded from http://www.dhamma.digital

(जातक कथा)

# मृग र व्याधा

(सुवण्ण मिग जातकमा आधारित)

-हेराकाजी देशार
प्रवेश द्वितिय वर्ष
चित्र: केशव देशार

अतित समयमा वाराणशी देशमा ब्रह्मदत्त राजाले राज्य गरि रहेको वेलामा वेधिसत्व मृगयोनिमा



उत्पन्न भए। उनको बैश अनि अभिरूप दर्शनिय तथा प्राशादिका थिए। आँखाको परेलिमा बिभ्ने सुवर्ण रंगले चित्रित हातखुट्टा, चाँदीको सिक्रि जस्तै सिङ्ग, मणि जस्तै आँखा, रातो मन नै चुँडाल्ने कम्बलजस्तो मोहित र आशक्ति मुख थियो। उनको भार्या (स्वास्नी) पनि तरूणी मृगी अभिरूपिणी



Downloaded from http://www.dhamma.digital

प्राशादिका थिए। दुवै प्रेमी-प्रेमीका मेलमिलापमा जीवन बिताउँदै थियो। जीवन सुख र निश्छलसाथ बितिरहेको थियो। शायद ! जीवन निक्लेश भन्दा अत्युक्ति नहोला। अर्को कुरा बोधिसत्व (मृग) लाई अस्सि हजार मृगहरूले उपस्थान गर्थे।

एक दिन बोधिसत्व (मृग) मृगहरूको प्रतिनिधित्व गरी वनभित्र शैर गरीरहेको बेलामा एउटा व्याधाले राखेको पासोमा उनको खुट्टा नराम्रो तरिकाले पासोमा अल्झियो। पासो चुँडाल्न खोज्दा खुट्टाको छाला खुइलियो। फेरी चुँडाल्ने प्रयास गर्दा मासु चोक्टा-चोक्टा हुने गरी काटियो। नशाहरू पनि काटिन थालिए। पासो चुँडाल्न सकिएन। खुट्टाको छाला र मासु काटिएर पासो हाडा सम्म पुगियो। बोधिसत्व (मृग) पासोमा अल्झिएको दुःखद पिडामा विवश र घायल स्वरमा चिच्यायो। यो दुःखद घडीको पिडित आवाज सुनेर सबै मृगहरू भयभित भए र आ-आफ्नो सुरक्षाको आशामा भागे। बोधिसत्व (मृग) को भार्या पनि भागेर गइ। बिचरा मृगिनीलाई के थाहा ? मृगहरूको बिचमा आफ्नो पति छैन भनेर। यता-उता खोजी हेर्दा आफ्नो पतिलाई भेटाउन नसकेपछि मृगिनीले यो भय मेरो पतिलाई नै आइपरेको हो भनि मनभरी पिडा लिएर भयभित मनले आँखाभरी आँसु लिएर वेगले दौडिदै आफ्नो पतिकहाँ पुगेर आँखाभरिको आँसु गहभरि पोख्दै "स्वामी ! तपाई महा वलवान हुनुहुन्छ। शरीर भरिको घाउ र पिडालाई सहनुस र बल गरेर चुँडाल्नुस पासोलाई।" भनेर आफ्नो पतिलाई ढाडस दिए। उता बोधिसत्व (मृग) सकि-नसकि बिस्तारै बोल्न थाल्यो- "म बल त गर्दैछु तर चुँडाल्न सकिराखेको छैन। यो छालाको पासो बलियो छ। मेरो खुट्टा झन काटिँदै गइरहेको छ।"



Downloaded from http://www.dhamma.digital

यस्तो विरहपूर्ण आफ्नो पतिको कुरा सुनेर मृगिनीले- "स्वामी नडराउनुस् ! व्याधाद्वारा म तपाईको जीवन बचाउने छु । यसको लागि मेरो ज्यान नै किन दिनु नपरोस् ।" भनेर व्याधा आइरहेको बाटोमा लागे । यता व्याधा भने अत्यन्त क्रुद्ध स्वभावमा आँखा रातो पारी हातमा नाङ्गो तर वार र वाण लिएर आइरहेको थियो। यस प्रकारले व्याधा आइरहेको बेलामा मृगिनी आइ व्याधालाई वन्दना गरे र मान्छेको स्वरमा आफ्नो पति शिलवान, सदाचार र अस्सि हजार मृगहरूको राजा हुन, त्यसैले आफ्नो पतिको ठाउँमा आफूलाई नै मार्न प्रार्थना गरे । मृगिनीको विलापपूर्ण, करूणामय र मधुर स्वर सुनेर व्याधाको मनभरी धर्मचित्त युक्त कुशल कर्म पलायो। यतिकैमा व्याधाले भन्यो- "हे भद्रे ! तिमीहरू दुबैको खुशी हुनेछ र भइ नै रहनेछ ।"

यति भन्दै व्याधाले बोधिसत्व (मृग) को खुट्टामा अल्झिएको पासो काटिदियो । खुट्टामा लागेको घाउमा पनि मलमपट्टि लगाइदियो । आफ्नो पतिको छुटकारामा मृगिनीको मनभरि करूणामय चित्तले व्याधालाई अनुमोदन गर्दै भनिन् "जसरी म आज मुक्त भएको महामृगलाई देखेर आनन्दित भएको छु। त्यसरी नै व्याधा ! तिमी पनि तिम्रा सबै ज्ञातिबन्धुहरूका साथ आनन्दित होउ ।"

यसरी मृगिनी मृत्युको मुखबाट बचाउन उपकारी भयो, त्यस्तै गरी व्याधालाई प्राणीहिंसा नगरी जीउन मणि देखाएर बोधिसत्व (महामृग) र उनको भार्या (मृगिनी) पनि व्याधाको उपकारी भयो । यस प्रकारले जीबन घात- प्रतिघात होइन, उपकारी हुनुपर्छ भन्ने अर्ति उपदेश व्याधालाई दिएर दुबै मृग र मृगिनी जंगलभित्र पसे ।

❖ ❖ ❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षाले जन्माएका युवा बौद्ध व्यक्तित्व सुश्री सबिता धाख्वासँग एक क्षण



(सुश्री सबिता धाख्वाको जन्म १८/२०८८ नागबहाल, ललितपुरमा भएको हो । उहाँले एम. बि. ए. (MBA) सम्मको अध्ययन पुरा गर्नु भएको छ । त्यस्तै "परियत्ति-शिक्षामा परियत्ति सद्धम्म पालक" सम्मको अध्ययन पुरा गर्नु भएको छ । उहाँको विभिन्न पत्र-पत्रिकामा थुप्रै लेख, रचनाहरू प्रकाशित भै-सकेको छ । हाल उहाँ RDP (Rural Development Project) र GTZ को योजना अधिकृतको रूपमा गोर्खा, धादिङ, संखुवासभा, भोजपुर आदी पाँच जिल्लाका बिभिन्न विकट गाउँहरूमा सेवा गरिरहनु भएको छ । प्रस्तुत छ- यस अंकको लागि उहाँसँग लिईएको अन्तर्वार्ता)

*(१) नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन पश्चात यसको सैद्धान्तिकताले व्यावहारिक काममा कस्तो प्रभाव पारेको छ ?*

☛ परियत्ति-शिक्षा अध्ययनबाट आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ । भौतिक र मानसिक प्रवाहमय यो जीवनमा परियत्तिको अध्ययन अति नै महत्वपूर्ण छ । शीलवान र सद्आचरणमा लाग्न प्रेरणा दिइरहेका छ । आर्थिक एवं व्यावहारिक क्रियाकलापमा पनि इमान्दारी पूर्वक काम सम्पादन गर्न आपूलाई धेरै प्रेरित गरिरहेको छ। मनुष्य जन्म दुर्लभ छ र यस्तो मनुष्य जन्म त्यतिकै खेर फाल्नु हुँदैन, आफ्नो र अर्काको भलाइको लागि केही न केही गुर्नपर्छ भन्ने भावनाले सधैं अगाडि बढ्न प्रेरणा मिलि राखेको हुन्छ ।

*(२) बौद्ध परियत्ति-शिक्षाको व्यापकता सम्बन्धमा तपाईको के धारणा रहेको छ ?*



Downloaded from http://www.dhamma.digital

☛ २०२० सालमा स्थापना भएको यस नेपाल बौद्ध परियत्ति शिक्षाले अहिले सम्म निरन्तर रुपले अध्ययन, अध्यापन गराउँदै आएको प्रशंसनीय छ। ३५ वर्ष पुगिसकेको यो संस्थाले परियत्ति-शिक्षाको जुन गतिमा प्रचार-प्रसार हुनुपर्ने हो, त्यो हुन सकिराखेको छैन। यसको मुख्य कारणहरुमा:-

• परियत्ति-शिक्षा/धर्मको अध्ययन प्रति जनचेतनाको अभाव।

• साधन र श्रोतको अभाव।

• भरपर्दो नेतृत्वको अभाव।

• काठमाडौं भन्दा बाहिरका जिल्लाहरुमा अध्ययन अध्यापन गर्न मानविय श्रोतको कमी।

• सरकारी स्तरबाट मान्यता नदिनु।

• नेवारी भाषाबाट संचालन भएको हुँदा नेवार समुदायमा बढी सिमित।

नेपाल बौद्ध-परियत्ति शिक्षाले यी समस्याहरु भोग्नु परेको छ। यो संस्था संस्थागतरुपमा भन्दा पनि परियत्ति-शिक्षामा आस्था र भावना भएका व्यक्तिहरुको श्रद्धाको आडमा अगाडि बढीरहेको छ। यस शिक्षाको व्यापक प्रचार-प्रसार गर्ने हो भने भरपर्दो नेतृत्वमा संस्थागत रुपले अगाडि बढ्नुपर्छ।

*(३) अहिलेको २१ औं शताब्दीको परिप्रेक्षमा बौद्ध परियत्ति-शिक्षाको अध्ययन के कतिको आवश्यक छ वा छैन ?*

☛ हामी २१ औं शताब्दीमा प्रवेश गर्न लागिरहेका छौं। भौतिक विकासको बृद्धि दिनपर दिन भइरहेको छ। आजको विकासले मान्छेलाई आफ्नो स्वार्थ पूर्ति गर्नमा चलाखीपन बनाउन सिकाइरहेको छ। यही चलाखीपनले मानवीय गुणमा ह्रास आइरहेको छ। फलत: सामुदायिक भावनामा बाँच्ने विस्तारै हराउँदै निहित व्यक्तिगन स्वार्थको लागि काम गर्ने (व्यक्तिगत भावना) कुराहरुले प्रशय पाउँदै गइरहेको छ। मानिसको इच्छा र आकांक्षाहरु दिनपर दिन बढी रहेको छ। यसको परिपूर्ति गर्न पैसाको पछि दौडीराखेको हुन्छ। यसैको लागि राम्रा र नराम्रा जुनसुकै काम गर्न पनि पछि पर्दैन। यस परिप्रेक्षमा धार्मिक शिक्षाको अध्ययन अध्यापनको अति आवश्यक हुन आउँछ। मानवीय गुणहरु बृद्धि गर्ने धेरै कुराहरु समेटेको यस शिक्षाले नरामो बिचारहरु र कुभावनाहरुलाई त्यागी राम्रा-राम्रा भावनाहरुलाई निश्चय पनि अभिवृद्धि गराइ दिन प्रेरणा



Downloaded from http://www.dhamma.digital

दिन्छ । व्यक्तिको सोच्ने विचार हेर्ने हेराइ, गरीने व्यवहारहरुमा सकारात्मक परिवर्तन ल्याउन यस बौद्ध परियत्ति-शिक्षाको अध्ययन-मनन एवं चिन्तन हुनु आजको युगमा अति आवश्यक छ ।

*(४) शहरी क्षेत्रमा भन्दा गाउँमा परियत्ति-शिक्षाको अध्ययन गर्ने केटा-केटीहरु अलिक बढि छन जस्तो छ। यसको खास कारण के होला ?*

☛ बौद्ध परियत्ति-शिक्षाको स्थापनाको प्रारम्भमा शहरी इलाकामा बढी केन्द्रित थियो । तर अहिले बिस्तारै गाउँमा पनि बिस्तार हुन लागेको छ । गाउँ नै गाउँले भरिएको हाम्रो देशमा गाउँमा परियत्ति-शिक्षा प्रचार-प्रसार हुनु खुशीको कुरा हो । शहरी क्षेत्रमा पनि यस शिक्षाको प्रचार-प्रसार त्यति कम भन्न मिल्दैन। तर कम हुँदै जाने लक्षण देखा परिसकेको छ । किनकी शहरी क्षेत्रहरुमा मनलाई भुलाउने विलासीताका साधनहरु गाउँको तुलनामा बढी छन् । जस्तैः- सिनेमा, टि.भी. भिडीयो हेर्ने, मनोरंजन गर्ने जस्ता कुराहरुले विस्तारै प्रशय पाउँदै छ। गाउँले व्यक्तिको भन्दा शहरी व्यक्तिको इच्छा, आकांक्षाहरु तीव्र बृद्धि भइरहेको देखापरेको छ । यसले गर्दा आध्यात्मिक चिन्तन र मननमा कमी हुँदै जाने स्वतः सिद्ध छ ।

*(५) अन्तमा यस पत्रिका मार्फत केही भन्नु छ कि ?*

☛ हाम्रो जीवन सफल बनाउन बिद्यालय, महाविद्यालयमा दिने औपचारिक शिक्षाले मात्र अवश्य पुग्दैन । यस औपचारिक शिक्षाले व्यवहारिक जीवनमा दुइवटा आँखा दिन्छ भने यस परियत्ति-शिक्षाको अध्ययनले तेस्रो आँखा प्रदान गर्छ, जुन आँखाले राम्रो बाटोतिर लाग्ने र नराम्रो बाटो त्याग्ने सधैं दिशावोध गराइ राखेको हुन्छ । यस प्रकार चारित्रिक धरातल सबल पार्न, आफ्नो मनलाई बशमा राख्न तथा मनलाई शुद्ध गरी शान्तिको अनुभव गर्न परियत्ति-शिक्षाको ज्ञान हुनु अति आवश्यक भएकोले यो शिक्षाको अध्ययन गर्न पछि नपर्नु होला। साथै परियत्ति-शिक्षा आफूले पनि प्राप्त गरी यसलाई शिक्षा दिन सक्रियरुपले लाग्न सकोस. भनी सुभेच्छा व्यक्त गर्दछु ।



Downloaded from http://www.dhamma.digital

## हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

सर्वोदय बौद्ध पुचःको संयोजकत्वमा र. वेलुवनाराम परिर्यात्ति केन्द्र, बेलुवनाराम विहार, ठेचोको आयोजनामा गत २०५५ चैत्र ६ गते जितापुर गन्धकुटी विहार, खोकना, अमरापुर बुद्ध विहार, बुँगमती, बौद्ध जन विहार, सुनागुठी, ज्योति विहार चापागाउँ र वेलुवनाराम विहार, ठेचो का परियत्ति बिद्यार्थीहरूको बिचमा "सर्वोदय बौद्ध हाजिरी जवाफ प्रतियोगिता" सम्पन्न भयो । सो प्रतियोगितामा प्रत्येक विहारबाट समुह 'क' र 'ख' गरी जम्मा १० वटा समुहले भाग लिएको थियो ।

सो प्रतियोगिताको पहिलो चरणको निर्णायक मण्डलमा अ. ञाणवती, भिक्षु निग्रोध र शुक्रराज शाक्य रहनु भएको थियो भने, कार्यक्रम संचालन सुरेन्द्रमान शाक्यले गर्नु भएको थियो । दोस्रो चरणको निर्णायक मण्डलमा भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध र सुरेन्द्रमान शाक्य रहनु भएको थियो भने कार्यक्रम संचालन बासुदेव देशार ले गुर्न भएको थियो । त्यस्तै अन्तिम चरणको निर्णायक मण्डलमा भिक्षु बोधिज्ञान अमिता धाख्वा र शुक्रराज शाक्य रहनु भएको थियो भने, कार्यक्रम संचालन भिक्षु निग्रोधले गर्नु भएको थियो ।

उक्त प्रतियोगितामा पहिलो वेलुवनाराम परियत्ति केन्द्र, ठेचो समुह-"क" दोस्रो ज्योति विहार परियत्ति केन्द्र, चापागाउँ समुह- "क" र तेस्रो ज्योति विहार परियत्ति केन्द्र समुह- "ख" भएको थियो ।

---

## सर्वोदय ज्योति अभियानको बौद्ध तीर्थ यात्रा

ललितपुर जिल्लाको दक्षिणी भेगका ५ वटा विहारहरू क्रमशः जितापुर गन्धकुटी विहार, खोकना, अमरापुर बुद्ध विहार, बुंगमती, बौद्ध जन विहार, सुनागुठी, वेलुवनाराम विहार, ठेचो र ज्योति विहार, चापागाउँको एउटै निकाय 'सर्वोदय ज्योति अभियान' को फागुन २३ गते देखि २७ गतेसम्म लुम्बिनी बौद्ध तीर्थ यात्रा कार्यक्रम सम्पन्न भयो ।

बौद्ध जन विहार, सुनागुठीको आयोजनामा भएको उक्त तीर्थयात्रामा ५४ जना उपासक-उपासिकाहरूको सहभागिता रहेको थियो ।

बौद्ध तीर्थ स्थल दर्शनको साथै विकास सम्बन्धि अन्य गतिविधिको पनि जानकारी लिने उद्देश्यले राखिएको यस तीर्थ यात्रामा तराइवासी सोमवर्शी गाउँका स्थानीय वासिन्दा र तीर्थयात्रीहरूको संयुक्त आयोजनमा सम्पन्न भएको एक दिने श्रमदान शिविर एउटा रोचक एवं अनुकरणीय कार्यक्रम बन्न पुगेको छ ।



Downloaded from http://www.dhamma.digital

*सम्पादकीय*

# नेताको हृदयमा बुद्धको खाँचो

हाम्रो देश नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएको पनि झण्डै १० बर्ष पुरा हुन लागिसेको छ। तैपनि देशमा जनताहरुले आफै पनि सुख र शान्तिको स्वास स्वतन्त्रताका साथ फेर्न पाइरहेको छैन । प्रजातान्त्रि व्यवस्थाको अभ्यासको नाममा २-३ पटक फरक फरक सरकारहरु फेरिसकेको छ । यी फरक फरक सरकारहरुको पालामा पनि महँगी, भ्रष्टाचार , बेरोजगारी जस्ता रोगहरुले सर्वसाधारण जनताहरुलाई निकै आक्रान्त बनाइसकेको छ। "आतँक" को 'अ' कहिल्यै सुन्नु नपर्ने शान्तिपूर्ण देशमा आतंककारी गतिविधिहरु अब दिनप्रति दिन बढ्न थालेका छन् । आखिर आफ्नो ज्यानको बाजी राखी आतंकारीहरुको पछि पछि मानिसहरु किन लागि रहेका छन् ? मार्नु र मर्नुमा मानिसहरु किन होडबाजी गर्न थालेका छन् ? हत्या र लूट किन बढ्यो ? भ्रष्टाचार किन बढ्यो ? बेश्यावृत्ति किन बढ्यो ? उत्तर सरल छ– जनताले राहत पाएन, जीविकाको लागि कुनै अवसर र निकास पाएन । नेताहरु व्यक्तिवादी भए । उनीहरुले आफ्नो सिद्वान्त, कर्तव्य र आचरण भुले । 'हिमाल' पत्रिकाले यसपालिको चुनावबारे जनमत लिंदा प्रजातन्त्रलाई जनताले माओबादीबाट १०.६% मात्र खतरा तर पार्टी/नेताको कृयाकलापबाट ७९.६% ले खतरा देखे किन ? जनताले विकास, महंगी, बेरोजगार र भ्रष्टाचारलाई क्रमशः प्रमुख समस्या ठानेका छन्, किन ? आम जनता इमान्दार र समाजसेवी तथा विकासप्रेमी उम्मेदवारको खोजीमा छन् किन ? यसर्थ देशमा शान्ति खलबल भैरहेका छन् त राजनैतिक कारणले नै भैइरहेका छन् ।

अतः राष्ट्रमा अमन चैन कायम गर्नु छ भने भगवान बुद्धको विश्व शान्तिको पाठ अब यी नेताहरुलाई नै पढाउन पर्ने देखिन्छ। करुणा, विवेक र त्याग भाषणबाट होइन हृदयबाट ल्याउनु पर्छ भन्नेकुरा सिकाउनु पर्ने देखिन्छ। जेलका बन्दीहरुलाई विपस्सना शिविर गरी हृदय सुधार गरे झैं यी नेताहरुलाई पनि अब ध्यान शिविरमा राखी हृदय परिवर्तन गर्नु पर्ने देखिन्छ । अतः भगवान बुद्धको २५४३ सौं बुद्ध जयन्तिको अवसरमा राष्ट्रमा चैन कायम गर्न नेताहरुको हृदयमा कसरी भगवान बुद्धको करुणा सन्देश घुसाउन सकौं भन्ने बारेमा हामी सबैले चिन्ता गर्न सिकौं ।

## यस अंकमा


लेखः बैशाख पूर्णिमाको महत्व
जीवनी : भिक्षु अश्वघोष महास्थविर
कविताः बुद्धको धर्म सिकेर तिमी, भगवान
अन्तर्वार्ताः सुश्री सबिता धाख्वासँग
जातक कथाः मृग र ब्याधा
बौद्ध महिला परिचयः नन्दा
परियत्ति गतिविधि


Downloaded from http://www.dhamma.digital

## [illegible] ज्योति लाई
## [illegible]

यस "परियत्ति ज्योति" त्रैमासिक पत्रिका हालसम्म दशौं अंकसम्म प्रकाशित भैसकेको छ। शुरु देखि नै बिभिन्न महानुभावहरुले यस पत्रिकाको लागि आर्थिक भार व्यहोरी सहयोग गर्नु भएको छ। उहाँहरुको यस्तो सहयोगले गर्दा नै हामीले यो सानो प्रयासलाई निरन्तरता दिन सकिरहेका छौं। तसर्थ उहाँ दाता महानुभावहरुप्रति फेरि-फेरि धन्यवाद नदिइरहन सक्तैनौं।

यसैगरी यस अंक प्रकाशनार्थ पनि **हःखा टोल सुधार संघका उपाध्यक्ष श्री ज्ञानुराजा शाक्यज्यूबाट** आर्थिक भार व्यहोरी दिनु भएको छ। अत: हामी वहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

यस्तै गरी अरु अंक प्रकाशनार्थ पनि धर्मप्रेमी महानुभावहरुबाट यस्तै सहयोग गरी पत्रिकाको आजीवन ग्राहक भई, वार्पिक ग्राहक भई, विज्ञापन दिई तथा पत्रिका खरिद गरी हौसला प्रदान गर्नु हुन हार्दिक अनुरोध गर्दछौं।

"परियत्ति ज्योति"
**बाल बौद्ध जागरण समूह , ज्योतिदय संघ**
**ज्योति विहार, चापागाउँ**

Downloaded from http://www.dhamma.digital